# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, आश्विन २९ गते २०३० साल [संख्या २६


### श्री ५ को सरकार
### अर्थ मन्त्रालय

**स्टाण्डर्ड नाप र तौल (पहिलो संशोधन) नियमहरू, २०३०**

स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "स्टाण्डर्ड नाप र तौल (पहिलो-संशोधन) नियमहरू, २०३०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त पारम्भ हुनेछन् ।

२. मूल नियमावलीको नियम ५ मा संशोधनः– मूल नियमावलीको नियम ५ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ ।

"(२) उपनियम (१) बमोजिम राखिएको माध्यमिक स्टाण्डर्डलाई सोही उपनियममा तोकिएको अधिकृतले ऐनको दफा १७ को उपदफा (२) बमोजिम प्रत्येक ५ वर्षमा जाँची सो स्टाण्डर्डको एकिन परिमाण उल्लिखित अभिलेख राख्नुपर्छ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।